**नेपाली राजदूतावास**
**कुवेत**
**Embassy of Nepal**
State of Kuwait.

**سفارة نيبال**
دولة الكويت

**प्रेस विज्ञप्ति**

केही दिन पहिले नेपालको एक स्थानीय पत्रिका, अनलाईन मेडिया र विभिन्न सामाजिक सञ्जालबाट विभिन्न आरोप सहित यस नियोगको नाम किटान गरी सार्वजनिक भएको भिडियो क्लीप र समाचारप्रति यस राजदूतावासको गम्भीर ध्यानाकर्षण भएको छ । नेपाली कामदार मागपत्र प्रमाणीकरण सम्बन्धी विषयमा यस नियोगलाई जोडेर प्रकाशित कपोलकल्पित, तथ्यहीन, भ्रामक र दूतावासमा कार्यरत सबैको चरित्र हत्या गर्ने उद्धेश्यले प्रकाशित उक्त समाचारप्रति राजदूतावास खेद प्रकट गर्दछ । यसरी प्रमाण र आधारविना कसैले मनोगत हिसावले प्रकाशन गरेको समाचारले पाठकहरुमा भ्रम नपरोस् भन्ने उद्धेश्यले यो विज्ञप्ति जारी गरिएको छ।

सुशासनको मूल मर्मलाई दृष्टिगत गरी हालैका दिनमा यस राजदूतावासबाट प्रवाह हुने नेपाली कामदार मागपत्र प्रमाणीकरण लगायतका सेवा प्रवाहलाई थप व्यवस्थित, चुस्त-दुरुस्त, सरलीकृत एवं पारदर्शी तुल्याउदै लगिएको व्यहोरा सम्बन्धित सवैलाई अवगत नै छ । यस नियोगबाट कार्यसम्पादन सम्बन्धमा भैरहेको निरन्तर सुधारका वारेमा सरोकारवाला निकायहरु, वैदेशिक रोजगार व्यवसायीहरु एवं रोजगारदाताहरुबाट निरन्तर रुपमा सकारात्मक पृष्ठपोषण प्राप्त भइरहेको छ।

यस राजदूतावासले कुवेतमा हाल कार्यरत र भविष्यमा बैदेशिक रोजगारीका लागि आउने नेपाली कामदारको हितलाई केन्द्रविन्दुमा राखी रितपूर्वक पेश भएका मागपत्रहरु नेपाल सरकारले तोकेको राजश्व बाहेक कुनै पनि अतिरिक्त रकम नलिइ यथासमयमा स्वीकृत गर्ने गरेको छ। यो यथार्थ वैदेशिक रोजगार व्यवसायीहरुलाई पनि पर्याप्त मात्रामा जानकारी नै छ ।असल नियतका साथ कार्यसम्पादन गरिरहेका नियोगका पदाधिकारी एवम् कर्मचारीहरुको छविमा आँच पुर्याउने, मनोवल गिराउने र निरुत्साहित गर्ने दूषित मनसायले यस किसिमका समाचार प्रकाशित हुनु दुःखद र गैरजिम्मेवारपूर्ण कार्य हो भन्ने नियोगको बुझाई छ ।

नेपाली कामदार मागपत्र प्रमाणीकरण लगायत यस नियोगको सेवा प्रवाह सम्बन्धी कुनै गुनासो भएमा समाचार प्रकाशन वा प्रसारण वा सामाजिक सञ्चालमा सार्वजनिक गर्नुपूर्व यस राजदूतावासको आधिकारिक धारणा लिई सहयोग गरिदिनु हुन समेत राजदूतावास सम्बन्धित सबैमा हार्दिक आग्रह गर्दछ ।

अन्तमा, कुवेतमा रहनुभएका नेपाली श्रमिकहरुको हक-हितको संरक्षण, सम्बर्द्धन तथा प्रबर्द्धन गर्दै बैदेशिक रोजगारीलाई थप सुरक्षित, व्यवस्थित, मर्यादित, भरपर्दो, गुणस्तरीय र अनुमानयोग्य बनाउने कार्यलाई उच्च प्राथमिकता दिई दूतावासको सेवा प्रवाहलाई थप चुस्त, दूरुस्त, मितव्ययी र प्रभावकारी तुल्याउन राजदूतावास सदैव प्रतिवद्ध रहेको व्यहोरा समेत सम्बन्धित सबैमा अनुरोध छ ।

नेपाली राजदूतावास, कुवेत
२०८१ फागुन २९
१३ मार्च २०२५